सर्वोच्च अदालत,

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

आदेश

०७९-WO-०८८२

विषयः उत्प्रेषण परमादेशसमेत।

उपभोक्ता हित संरक्षण मञ्चनेपालको तर्फबाट अधिकार प्राप्त अधिवक्ता
श्री विष्णुप्रसाद तिमिल्सिना........................................................................ निवेदक

विरुद्ध

विज्ञापन बोर्ड,बबरमहल काठमाडौं समेत ...................................................... प्रत्यर्थी

१. रिट निवेदनसाथ संलग्न कागजातको अध्ययन गरी निवेदक अधिवक्ता श्री विष्णु प्रसाद तिमिल्सिना तथा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री ज्योती बाँनिया र श्री जयप्रसाद पौडेलले गर्नुभएको बहससमेत सुनियो।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित सूचना म्याद पाएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालतमा लिखितजवाफ पेश गर्नु भनी आदेश र रिट निवेदनको एक एक प्रति प्रतिलिपि साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद



Scanned with CamScanner

जारी गरी म्यादभित्र लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार गर्नु।

३. निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा हेर्दा, रिट निवेदनमा प्रचलित कानून विपरित विभिन्न सञ्चार माध्यममा मादक पदार्थ सम्बन्धी विज्ञापन सामग्रीको प्रकाशन, प्रसारण हुँदै आएको र त्यसले आम उपभोक्तामा नकारात्मक असर पुगेको अवस्थामा समेत प्रत्यर्थी निकायहरुले त्यस्ता विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचारप्रसारमा नियमन, नियन्त्रण एवम् कारवाही गर्न बेवास्ता गरेकोले मादक पदार्थ सम्बन्धी विज्ञापनको उत्पादन, प्रकाशन, प्रसारण र वितरणको पूर्ण रुपमा निषेध तथा नियन्त्रण गर्नु, मादक पदार्थ सम्बन्धी विज्ञापनको उत्पादन, प्रकाशन, प्रसारण, वितरण, प्रायोजन तथा प्रवर्द्धन नगर्नु नगराउनु तथा विश्व स्वास्थ्य सभाबाट पारित भई प्रत्यर्थीले कार्यान्वयन गर्ने निर्णय गरेको मादक पदार्थ नियन्त्रण सम्बन्धी अनुबन्धको कार्यान्वयन गर्नु गराउनु भन्ने समेत प्रत्यर्थीहरुको नाउँमा परमादेश जारी गरिपाऊँ र तत्काल सञ्चार माध्यममा मादक पदार्थ विज्ञापन पूर्ण रुपमा निषेध र नियन्त्रण गर्नु गराउनु तथा राजमार्गको सडक सीमा र Right of Way भित्रका मादक पदार्थको विज्ञापनहरु आदेश भएको एक महिनाभित्रै हटाउनु भनी अन्तरिम आदेश समेत जारी गरिपाउँ भन्ने निवेदन दावी लिएको देखिन्छ।

४. अब यस सम्बन्धी कानूनी व्यवस्था हेर्दा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५को उपदफा (१) मा "**मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचारप्रसार गर्न पाइने छैन**" भन्ने र ऐ. उपदफा (२) मा "**मानसिक तथा शारीरिक स्वास्थ्यलाई असर गर्ने कुनै सामग्री तथा सेवातर्फ आकर्षित गर्ने गरी गलत वा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाउने छैन**" भन्ने व्यवस्था गर्नुका साथै ऐ. दफा ५२ ले कसैले दफा ४५ विपरीतको कार्य गरेमा जरिवानाको सजायको व्यवस्था गरेकोसमेत देखिएबाट उक्त कानूनले मादक पदार्थ लगायत मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको



Scanned with CamScanner

उत्पादन, वितरण र प्रचारप्रसार गर्ने कार्यलाई कसूरजन्य कार्य (Regulatory Offence)को रुपमा परिभाषित गरेको देखियो।

५. मादक पदार्थको विज्ञापन गर्न नपाइने सम्बन्धी कानूनी व्यवस्था राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ मा समेत देखिन्छ। राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १४ को प्रतिबन्धात्मक वाक्यांशमा **"जनस्वास्थ्यलाई हानि पुऱ्याउने धुम्रपान तथा मदिराजस्ता पदार्थहरुको विज्ञापन प्रसारणलाई निरुत्साहित गरिने"** भन्ने नीतिगत व्यवस्था देखिन्छ भने विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ मा **विज्ञापन गर्न नहुने** शिर्षक अन्तरगत उपदफा (१) को देहाय (छ) मा **"प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेको विषयमा विज्ञापन गर्न नहुने"**, ऐ. उपदफा (२) को खण्ड (ङ) मा **"सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने गरी विज्ञापन गर्न नहुने"** एवम् ऐ. खण्ड (ढ) मा **"प्रचलित कानून प्रतिकूल हुने गरी विज्ञापन गर्न पाइने छैन"** भन्ने व्यवस्था गरेको देखिंदा विज्ञापन व्यवसायलाई व्यवस्थित र नियमन गर्न जारी गरिएको विज्ञापन सम्वन्धी विशेष ऐनले समेत प्रचलित कानूनले निषेध गरेको मादक पदार्थ पदार्थको विज्ञापन सामग्री उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न स्पष्ट रुपमा निषेध गरेको देखिन आउँछ।

६. विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १४ मा विज्ञापन वोर्डको गठन सम्वन्धी व्यवस्था देखिएको, उक्त वोर्डको काम कर्तव्य र अधिकार हेर्दा सञ्चार माध्यमबाट प्रसारण गरिने विज्ञापनको सामग्री परीक्षण गर्न तोकिएको आधारमा मापदण्ड तयार गर्ने, विज्ञापन उत्पादन, प्रसारण र वितरण सम्बन्धी आचार संहिता बनाउने एवम् विज्ञापन उत्पादक, निर्माता, वितरक वा प्रसारकलाई आवश्यक निर्देशन दिने लगायत उल्लिखित कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अन्य आवश्यक कार्य गर्ने देखिन आउँछ। बोर्डलाई प्राप्त सो अधिकारको प्रयोग गरी उक्त बोर्डले मिति २०७९।०२।३० मा विज्ञापन, उत्पादन, प्रकाशन, प्रसारण र वितरणसम्बन्धी आचारसंहिता, २०७९ जारी गरेको र सो आचार संहिताको दफा १० को खण्ड (क) मा **"विज्ञापन व्यवसायमा संलग्न व्यक्तिले जनस्वास्थ्यका सम्बन्धमा विज्ञापन गर्दा वा गराउँदा जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने**



Scanned with CamScanner

वा जनस्वास्थ्यका कार्यविधि प्रोटोकल विपरित हुने कुनैपनि विज्ञापन उत्पादन वितरण प्रकाशन वा प्रसारण गर्नु वा गराउनु हुँदैन" भन्ने र ऐ. खण्ड (ङ) मा "कुनै पनि माध्यमबाट सूर्तीजन्य वा मादक पदार्थको विज्ञापन गर्नु वा गराउनु हुँदैन" भन्ने व्यवस्था उल्लेख भएको देखिंदा सम्बन्धित कानूनले मादक पदार्थको विज्ञापन र प्रचार प्रसार गर्न निषेध गरेको स्पष्ट रुपमा देखिन आउँछ।

७. रिट निवेदकले निवेदनमा मादक पदार्थको विज्ञापन र प्रचार प्रसार गर्न नपाइने कानूनी व्यवस्थाको कार्यान्वयनको माग गरेको भएतापनि अन्ततः उल्लिखित कानूनी व्यवस्थाको कार्यान्वयन नहुँदा सो बाट आम नागरिकको नेपालको संविधानले प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी मौलिक हक, सार्वजनिक सरोकारको विषयमा सही सूचना प्राप्त गर्ने सूचनाको हक तथा वस्तु वा सेवाको मूल्य, परिणाम, शुद्धता, गुणस्तर आदिबारे सूचित हुन पाउने उपभोक्ताको अधिकारसङ्ग सम्बन्धित मौलिक हक लगायत अन्य कानूनप्रद्धत हक अधिकारमासमेत प्रत्यक्ष परोक्ष रुपमा आघात पुग्न जाने तथ्यलाई गम्भीररुपमा लिनुपर्ने देखियो।

८. यसप्रकार नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक कार्यान्वनका लागि चार वर्ष अघि जारी गरिएको जनस्वास्थ्य सेवा ऐन, २०७५ ले मादक पदार्थको विज्ञापन सामग्री उत्पादन, वितरण तथा प्रचार प्रसार निषेध गरेको र तत्पश्चात् श्रृङ्खलाबद्ध रुपमा जारी गरिएका अन्य विभिन्न कानूनी व्यवस्थाले समेत मादक पदार्थको विज्ञापन निषेध गरेकोमा उक्त कानूनी व्यवस्था नै नभएजस्तो गरी मुलुकको कानूनलाई अनदेखा गरी निरन्तर मादक पदार्थको विज्ञापन सामग्री उत्पादन तथा वितरण हुनु र छापा, अनलाईन तथा विद्युतीय सञ्चार माध्यमहरुबाट यस्तो सामग्रीको वेरोकटोक प्रचार प्रसार भैरहनु लोकतान्त्रिक शासन व्यवस्थामा कल्पनातीत विषय हो। जनस्वास्थ्यसङ्ग प्रत्यक्ष सरोकार राख्ने यस्ता कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभएसम्म संविधानले परिकल्पना गरेको कानूनी राज्यको अवधारणाले मूर्तता प्राप्त गर्न सक्दैन। कानून बनाइदैमा स्वतः कार्यान्वयन भैहाल्ने नभएकाले सो का लागि सम्बन्धित निकायले जिम्मेवारीपूर्वक आवश्यक निर्णय तथा काम कारवाही गर्नुपर्ने हुन्छ। तर उल्लिखित कानूनी व्यवस्थाको कार्यान्वयन तथा अनुगमन गर्ने



Scanned with CamScanner

लगायतका जिम्मेवारी भएका प्रत्यर्थी निकायहरुले ऐनको व्यवस्था कार्यान्वयन गर्नमा ठोस पहल नगरी झारा टार्ने शैलीमा कानूनको व्यवस्था पालना गर्न अनुरोध गरी प्रेस विज्ञप्ति जारी गर्ने वा एक निकायले अर्को निकायलाई लेखी पठाउने जस्ता काम कारवाही गरेको देखिंदा ती निकायहरु कानून कार्यान्वयन गर्ने गराउने दायित्वको परिपालनामा गम्भीर र जिम्मेवार भएको भनी मान्न मिल्ने देखिएन।

९. यस स्थितिमा उल्लिखित कानूनको प्रभावकारी कार्यान्वयन नभएमा आम नागरिकको स्वास्थ्य सम्बन्धी हक लगायत संविधान तथा कानूनप्रदत्त अन्य विभिन्न हक अधिकारमा निरन्तर उल्लंघन भै आम नागरिकलाई अपुरणीय क्षति हुन जाने अवस्थालाई हृदयंगम गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम प्रत्यर्थीहरुका नाउँमा देहाय बमोजिमको अन्तरिम आदेश जारी गरिदिएको छः

क. मादक पदार्थको विज्ञापन सामग्री उत्पादन वितरण तथा प्रचार प्रसार गर्न नहुने सम्बन्धी कानूनी व्यवस्थाको जिम्मेवारीपूर्ण ढङ्गले कार्यान्वयन गर्नु गराउनु, कुनै पनि सञ्चार माध्यमहरुमा यस्तो सामग्रीको प्रचार प्रसार नगर्नु नगराउनु, गर्न नदिनु।

ख. खण्ड (क) बमोजिमको आदेशको कार्यान्वयनको सुनिश्चितताका लागि प्रत्यर्थीमध्येका प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवको संयोजकत्वमा अन्य सरोकारवाला निकायहरुको समेत प्रतिनिधित्व रहने गरी मादक पदार्थको विज्ञापन सामग्री उत्पादन, वितरण तथा प्रचारप्रसार निषेध सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन अनुगमन समिति गठन गरी सो समितिले तथा प्रत्यर्थी मध्येका विज्ञापन वोर्ड र प्रेस काउन्सिलले आ-आफ्नो कार्यक्षेत्र भित्रका विषयमा छुट्टै स्वतन्त्र रुपमा उक्त कानूनी व्यवस्थाको कार्यान्वयनका सम्बन्धमा अनुगमन गरी यो आदेश प्राप्त भएका मितिले दुई महिनाभित्र सो सम्बन्धमा भएको कार्यप्रगति प्रतिवेदन यस अदालतसमक्ष पेश गर्ने।



Scanned with CamScanner

ग. खण्ड (ख) बमोजिम प्राप्त प्रतिवेदनलाई यस अदालतका रजिष्ट्रारले फुटकर निवेदन (FN) का रुपमा दर्ता गरी प्रस्तुत निवेदन साथ इजलास समक्ष पेश गरी इजलासबाट भएको आदेश बमोजिम गर्ने ।

१०. यो आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिने।

न्यायाधीश

इति संवत् २०७९ साल फागुन ११ गते रोज ५ शुभम्--------------------।



Scanned with CamScanner